International Journal for Multidisciplinary Research (IJFMR)
E-ISSN: 2582-2160 ● Website: www.ijfmr.com ● Email: editor@ijfmr.com

# नेपाली नारीवादी उपन्यासको विकासपरम्पराबारे अध्ययन

**डा. सविता तामाङ**

सह. प्राध्यापक, नेपाली विभाग, सिक्किम सरकारी महाविद्यालय, बुर्तुक

**सार**

नारीवाद नारी अस्मिता र नारी स्वतन्त्रताप्रति प्रतिबद्ध मान्यता सिद्धान्त वा आन्दोलन हो। नारीवाद सिद्धान्त एउटा पुरुष व्यक्ति र पुरुषवर्गका विरोधमा नभएर पुलिङ्गकेन्द्रवादी सामाजिक व्यवस्थाको विरोधमा खड़ा भएको पाइन्छ।नेपाली नारीवादी उपन्यासको विकासक्रमबारे अध्ययन गर्दा नारीलिखित प्रथम उपन्यास अम्बालिका देवी मानिए तापनि सन् 1936 मा प्रकाशित भ्रमर-लाई नारीवादी प्रवृत्तिको प्रथम प्रवेशिका मान्न सकिन्छ। नारीहरू शिक्षित बनेर डाक्टर जस्ता उच्च स्तरीय पेशा अप्नाउने जस्ता प्रसङ्गले नारीहरू अब शिक्षित बनेर स्वावलम्बी, आत्मनिर्भर, स्वनिर्भर बनेर स्वतन्त्र बन्नुपर्ने सङ्केत रहेको छ। नारीवादको अवधारणाले नारी शोषणको कारक तत्वको खोजी गरेर त्यसको अन्त चाहान्छ भने उपन्यासमा नेपाली नारीवादी उपन्यासहरूमा नारीहरूलाई दमन गर्ने अन्धो परम्पराप्रति सचेत गराएर ती नारी शोषणयुक्त परम्पराप्रति आक्रोश व्यक्त गरिएको छ। कतिपय नेपाली उपन्यासहरूमा लैङ्गिक विभेदको रेखालाई ध्वस्त पारेर नारी पुरुष दुवै समान हुन् भन्ने कुरा अघि सार्दै प्रचलित कानुनी व्यवस्थाप्रति विद्रोह गरिएको पाइन्छ। एउटी आमाले बालकको लालनपालनमा बाबुभन्दा धेरै कष्ट आमाले उठाएको भए तापनि पितृसत्तामक सामाजिक व्यवस्था र प्रशासनिक व्यवस्थाले ती बालकको नागरिकता बाबुबाट मात्र दिलाउने व्यवस्थामा परिवर्तन गरेर सन्तानको नागरिकता आमाबाट पनि हुनुपर्छ भन्ने कुरा नेपाली उपन्यासहरूमा पाइन्छ। उपन्यासमा नारीवादी अवधारणाको प्रयोग सैद्धान्तिक रूपमा मात्र नभएर उपयोगी र व्यावहारिक रूपमा भएको पाइन्छ।

नेपाली उपन्यासहरूमा छोरीलाई सदैव बोझ ठान्ने सङ्कीर्ण मानसिकता भएको समाजका असचेत मानवसमाजप्रति व्यङ्ग्य प्रहार गरिएको पाइन्छ। आफ्ना लागि नारी स्वयम् शिक्षित भएर उत्तरदायी एवम् आत्मनिर्भर बन्नुपर्छ भन्ने कुराको उठान पनि गरिएको छ।प्रशासन, नियम र नीति पुरुषहरूले नै बनाएका हुनाले पितृसत्तात्मक मानसिकताका आधारमा निर्मित व्यवस्थाहरू पुरुषकै पक्षमा रहेको छ भन्ने कुरा

देखाउँदै सन्तानको नागरिकता आमाको नामबाट हुनुपर्ने माग पनि उपन्यासहरूमा गरिएको छ। यस्ता सन्दर्भको उठान वास्तवमा व्यावहारिक जीवनमा भएको असमानताको पक्षलाई उपन्यासमा उठाइएको छ। उपन्यासहरूमा नारीहरूको शोषणको कारक तत्त्व पितृसत्तात्मक सामाजिक संरचना र मानसिकतालाई ठानेर यस्ता व्यवस्था र धारणाहरूको अन्त गर्न नारीहरू स्वयम् अघि बढ्नु पर्ने कुरामा जोड़ दिएको पाइन्छ। यसप्रकार नेपाली नारीवादी उपन्यासहरूमा नारी हक अधिकारको निम्ति सशक्त रूपमा नारीको पक्षमा वकालती गरिएको पाइन्छ।

**बीज शब्द:** नारीवाद, नेपाली उपन्यास, नेपाली उपन्यासमा नारीवाद ।

**Abstract:**
Feminism is a belief, theory or movement committed to women's identity and women's freedom. Feminist theory is not against individual men or the male class, but against a male-centric social system.
When studying the development of Nepali feminist novels, Ambalika Devi is considered the first novel written by a woman, and Bhramar, written by Rup Narayan Singh and published in 1936, can be considered the first introduction to feminist trends. There are signs of closure. While the concept of feminism seeks to end the exploitation of women, the novel expresses anger at the blind traditions that oppress women in Nepali feminist novels. Some Nepali novels have rebelled against the prevailing legal system that claims men and women are equal by breaking the gender-discrimination barrier. Even though a mother has worked harder than her father in raising her child, the patriarchal social and administrative system has changed the system to give the child's citizenship only from the father. The novel uses feminist concepts not only in theoretical terms but also in useful and practical terms.
Nepali novels have satirised the unconscious human society, which has a narrow mentality that always considers girls as a burden. They have also raised the issue that women should be self-educated, responsible, and self-reliant. The novels also demand that the citizenship of the children should be in the name of the mother, while showing that the systems built on this basis are in favour of men. The novel raises the issue of inequality in practical life.
In the novels, the cause of women's exploitation is the patriarchal social structure and mentality. Thus, Nepali feminist novels have strongly advocated for women's rights.

**Keywords:** Feminism, Nepali Novels. Feminism in Nepali Novel.

## नेपाली नारीवादी उपन्यासको विकासपरम्पराबारे अध्ययन

### नारीवादको परिचय:

नारीवाद शब्दको प्रयोग सर्वप्रथम फ्रान्सेली नाटककार अलेक्सजेन्डर दुमासले सन् १८७२ मा **एल होमिफेम** (भिना नवल दास,१९९५)मा गरेको पाइन्छ। नारीको शाब्दिक अर्थ महिला, स्त्री, स्वास्नीमान्छे आदि बुझिन्छ भने 'वाद'ले प्रतिपादित सिद्धान्त वा मत बुझाउँछ।यसरी नारीवाद नारी सम्बन्धित सिद्धान्त हो भनेर सहजै बुझिन्छ।

नारीवादको शब्दकोशीय अर्थ विभिन्न प्रकारले दिइएको पाइन्छ। **नेपाली बृहत शब्दकोश**-मा नारीवादको अर्थ “नारी अस्मिता र नारी स्वतन्त्रताप्रति प्रतिबद्ध मान्यता सिद्धान्त वा आन्दोलन हो।” (वासुदेव त्रिपाठी, वल्लभमणि दाहाल, २००१) भनिएको छ। **प्रयोगात्मक नेपाली शब्दकोश** -मा “नारीलाई पुरुषको सरह अधिकार सुविधा र अवसर प्राप्त हुनुपर्छ भन्ने सिद्धान्त नारीवाद हो” (हेमाङ्गराज अधिकारी, बद्रीविशाल भट्टराई, २००६) भन्ने अर्थ रहेको पाइन्छ।विभिन्न कोशीय अर्थ अनुसार नारीवाद भन्नाले प्रत्येक क्षेत्रमा नारीको पुरुषसमान समानता र असमानतालाई सूक्ष्म रूपमा केलाएर देखाउँदै दुवै नारी स्थान, हक, अधिकार हुनुपर्छ भन्ने पक्षमा गरिने वकालत हो भन्ने कुरा बुझिन्छ।समग्रमा नारीवाद भन्नाले नारी र पुरुषमाझ समानता हुनुपर्छ भन्ने मान्यता हो भन्न सकिन्छ।

नारीवाद सिद्धान्त एउटा पुरुष व्यक्ति र पुरुषवर्गका विरोधमा नभएर पुलिङ्गकेन्द्रवादी सामाजिक व्यवस्थाको विरोधमा खड़ा भएको पाइन्छ। “नारीले आफ्नो इच्छाअनुसार जीवन जिउने अधिकार पाउनुपर्छ भन्ने सिद्धान्त नै नारीवाद हो भन्ने विचार जेनिफर ब्मगार्डनर र एमि रिचार्डस्को रहेको पाइन्छ।” (सुभद्र चना (सम्पा), २००४) वेल हूक्सको भनाइमा “नारीवाद यौनवादी दमनलाई ध्वस्त पार्न गरिने सङ्घर्ष हो।” (क्यारेन ए. फस् र अन्य (सम्पा.), २००४) ट्रिन्च टि मिन्हाले “पुरुषपक्षीय स्थापित वैचारिक मान्यताको अन्तको निम्ति उठेको आवाज नै नारीवाद हो” (क्यारेन ए. फस् र अन्य (सम्पा.), २००४) भनेकी छन्। यस्तै प्रकारले चेरिस क्रामारेले “नारीप्रति दमनीय व्यवहार गर्ने सामाजिक संरचना र भाषाको भञ्जन गर्ने सिद्धान्त नै नारीवाद हो भनेकी छन्।” ( क्यारेन ए. फस् र अन्य (सम्पा.), २००४) यसका निम्ति पुरुषप्रमुख भाषाको आलोचना गर्दै नारीको अनुभवलाई प्रतिनिधित्व गर्ने नयाँ भाषाको प्रयोग गर्नु आवश्यक रहेको बताएकी छन्।

सतीस कुमारको विचारमा “नारीवाद पुरुषसमान नारीले पनि अधिकार र अवसर पाउनु पर्छ भन्ने उद्देश्य बोकेको मान्यता हो र यस उद्देश्यलाई प्राप्त गर्न सङ्घर्ष गर्ने सिद्धान्त हो” (सतीस कुमार, सन् २०१७) भन्ने रहेको पाइन्छ।सुधा त्रिपाठीले “वास्तवमा व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वले महिला र पुरुषका बिचमा गरेको भेदभावको तिक्त प्रभावका विरूद्ध छेड़िएको आन्दोलनको नाम नै नारीवाद हो” (सुधा त्रिपाठी, २०११)भनेकी छन् । रमेशप्रशाद भट्टराईको विचारमा “लैङ्गिक अध्ययनको एउटा विषयका रूपमा रहेको नारीवाद महिलासम्बन्धी विचार, दर्शन र राजनीति हो” (सुधा त्रिपाठी, २०११) भन्ने रहेको पाइन्छ। कविता लामाले नारीवाद “नारीहितको निम्ति प्रतिपादित भएको एक आन्दोलन हो।यस आन्दोलनलाई नारीमुक्ति आन्दोलन पनि भनिन्छ।नारीमा केन्द्रित रही नारी अधिकार, स्वतन्त्रता र समानताको पक्षमा बोल्नु नै नारीवाद हो” (कविता लामा, २०१०) भन्ने कुरा बताएकी छन्।

शरीर जस्ता नारीका निजी विषयसमेतमा पुरुषले नियन्त्रण गर्दै आएका हुनाले नारीवादीहरूले नारीको व्यक्तिगत विषयलाई सार्वजनिक स्तरमा ल्याएर ‘पर्सनल इज पलिटिकल’ अथवा व्यक्तिगत नै राजनीतिक

हो भन्ने कुराको घोषणा गरेको पाइन्छ।"व्यक्तिगतलाई अपनाउनाले नारीको शरीरले, नारीका उपेक्षित विषयले चर्चामा स्थान पाए।नारीको नरसँगको सम्बन्धमा खुलासित चर्चा गरेर, उसका पीर र पीड़ा, उसका यौन, रजस्वलाको र गर्भधारणको अनुभव, उसले गर्नुपर्ने शिशु सिहार, उसको आफ्नै शरीर सितको सम्बन्ध" (कृष्ण गौतम, १९९३)जस्ता विषयलाई खुल्ला रूपमा चर्चामा ल्याएका छन्।नारीवादीहरूले उठाएका नारी शरीरका विषयको मुख्य उद्देश्य नै नारी शरीरमा नारीको अधिकार हुनुपर्छ भन्ने रहेको पाइन्छ। मताधिकार, शैक्षिक अधिकार, सम्पत्तिमा अधिकारदेखि एउटा आन्दोलनको रूपमा सुरु भएको नारीवादले प्रत्येक क्षेत्रहरूमा जस्तै प्रजनन क्रियाकलाप, पोशाक, श्रृङ्गार प्रसाधन, भाषा आदि जस्ता सूक्ष्म कुराहरूमा नारीहरूको निर्णय हुनुपर्छ भन्ने कुरामा जोड़ दिएको पाइन्छ। नारीलाई पुरुषभन्दा निम्न स्तरका ठान्ने समाजको पूर्वग्राही विचार, स्वार्थी प्रवृति आदिको अन्त हुनुपर्ने कुरामा नारीवादले नारीको पक्षधरतामा वकालत गर्दछ। समग्रमा नारी पुरुषमाझ समानता हुनुपर्छ भन्ने सिद्धान्त नै नारीवाद हो भन्न सकिन्छ।

**नेपाली नारीवादी उपन्यासको विकासपरम्परा:**

नेपाली साहित्यको ऐतिहासिक विकासक्रमलाई हर्नु हो भने नारीलिखित प्रथम उपन्यास अम्बालिका देवी मानिए तापनि सन् १९३६ मा प्रकाशित **भ्रमर**-लाई नारीवादी प्रवृत्तिको प्रथम प्रवेशिका मान्न सकिन्छ।नारीवादको प्रयोग नेपाली उपन्यासमा रूपनारायण सिंहको **भ्रमर** ((सन्१९३६), मा उपन्यासकी नारी पात्र मायाले इन्द्रेशेखरले गरेको पश्चतापसम्म सुन्न नमानेको प्रसङ्गले स्पष्ट पारिसकेको छ। यसका साथै नारीहरू शिक्षित बनेर डाक्टर जस्ता उच्च स्तरीय पेशा अप्नाउने जस्ता प्रसङ्गले नारीहरू अब शिक्षित बनेर स्वावलम्बी, आत्मनिर्भर, स्वनिर्भर बनेर स्वतन्त्र बन्नुपर्ने सङ्केत रहेको छ। नारीवादले नारीहरू परनिर्भरतादेखि मुक्त हुनुपर्छ। मुक्ति र स्वतन्त्रताको निम्ति नारी मूल्य र अस्तित्वका निम्ति नारी स्वयम्ले सङ्घर्ष गर्नुपर्छ, आफू माथि थोपरिएका रूढि, पुराना मान्यता र परम्परावादी नियमको विरोध गर्ने साहस हुनुपर्छ एवम् स्व अस्तित्व सचेत, स्वाभिमानी, आत्मसम्मान सुरक्षित राख्न सचेष्ट बन्नुपर्छ भन्ने मान्यता अप्नाउनु पर्छ भन्ने कुरा सबैले बुझ्नु पर्छ भन्ने सङ्केत गरेको पाइन्छ। नारीवादीहरूले नारी सचेतताको निमति शिक्षालाई प्रथम हतियारको रूपमा लिएको छ भने प्रस्तुत उपन्यासमा पनि सबै नारीहरूले शिक्षित बनेर नारी सशक्तीकरणको अभियान सुरू गरेको पाइन्छ।

लक्ष्मीप्रसाद देवकोटाको **चम्पा** (सन् १९४५) लैनसिंह वाङ्देलको **माइतघर** (सन् १९५०), हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** (सन् १९५४) सन्पूर्ण नारीहरूको समस्यालाई समेटिएको उपन्यास हो।यसरी नै उनको **एक चिहान** (सन् १९६०) "यस उपन्यासले नारीको आत्मोन्नतिमा बाधा पुऱ्याएको सतीत्व र जातित्वका साङ्लालाई चुँडाल्ने काम गरेको छ।" (सुधा त्रिपाठी, सन् २०१२) नारीवादी अवधारणाको प्रस्तुति भएको प्रमुख उपन्यासहरू लीलाध्वज थापाको **शान्ति** (सन् १९५८), गोविन्दबहादुर मल्ल गोठालेको **पल्लो घरको**

**झ्याल** (सन् १९५९), विजय मल्लको **अनुराधा** (सन् १९६१), विश्वेश्वरप्रसाद कोइरालाको **तीन घुम्ती** सन् १९६८), इन्द्र सुन्दासको **जुनेली रेखा** (सन् १९६९), मदनमणि दीक्षितको **माधवी** (सन् १९८२), प्रेमा शाहको **मम्मी** (सन् १९८३), पारिजातको **शिरीषको फूल** (सन् १९६५), **पर्खालभित्र र बाहिर** (सन् १९७८), **अनिँदो पहाडसँगै** (सन् १९८२), **परिभाषित आँखाहरू** (सन् १९८६), नकुल सिलवालको **तेस्रो पाइला** (सन् १९८८), प्रतीप ज्ञवालीको **सहयात्री** (सन् १९८९) आदि हुन्।

पुष्प राईको **भोलिको प्रतीक्षा** (सन् २०१०, दो.सं.) उपन्यासमा स्वार्थी, कामुक र भोगवादी मानसिकता भएको पुरुषको विरूद्धमा एकली नारी पात्र खड़ा भएकी छ। नारीलाई वासनापूर्तिको साधन मान्ने र नारीलाई भोगेर आफ्नो जिम्मेवारीबाट पलायन हुने भीरू पुरुषलाई सम्पूर्ण मानव अस्तित्व नै बचाउनमा उपन्यासकी नारी पात्र खडा भएर नारी पुरुषको विभेदले जन्माएको दुर्बल र सङ्कीर्ण धारणाभन्दा धेरै माथि उठेको छ।उपन्यासमा उपन्यासकारले पुरुषले कमजोर वस्तु मात्र ठानेको नारी अब सबल बनेर पुरुषविना सम्पूर्ण उत्तरदायी लिन सक्षम बनिसकेकी छ भन्ने उदारण बनेर पुलिङश्रेष्ठतावादी मानसिकतालाई खुल्ला चुनौति दिएकी छन्।नेपाली उपन्यासका क्षेत्रमा सक्रियरूपले कलम चलाउने गीता केशरीका **सौगात** (सन्१९८९), **आवाज** सन् (१९९०), **मुक्ति** (सन् १९९१), **खोज** (सन् १९९३), **अन्तिम निम्तो** (सन् १९९४), **विश्वास** (सन् १९९५), **खुला आकाश** (सन् १९९७), **नोकरी** (सन् १९९८), एवम् **निष्कर्ष** (सन् २००३) **बदलिँदो क्षितिज** उपन्यासहरू प्रकाशित छन्। लैङ्गिक समानताको खोजी उनको उपन्यासको मुख्य विषयवस्तु रहेको छ। सीता पाण्डेको **अन्तर्द्वन्द्व** (सन् १९९९) धर्म र संस्कृतिको नाममा हुने नारी शोषणलाई उदाङ्गो पारिएको उपन्यास हो। नारीहरू संस्कृति र रुढ़ि परम्पराले प्रताड़ित छन् भन्ने कुरालाई देखाउँदै नारीलाई कुनै वस्तु र पशु-प्राणीसरह दान गरिने कन्यादान प्रथाप्रतिको विद्रोह गरिएको उपन्यास हो भन्न सकिन्छ। नारीवादको अवधारणाले नारीहरूको शोषणको कारक तत्वको खोजी गरेर त्यसको अन्त चाहान्छ भने प्रस्तुत उपन्यासमा नारीहरूलाई दमन गर्ने अन्धो परम्पराप्रति सचेत गराएर ती नारी शोषणयुक्त परम्पराप्रति आक्रोश व्यक्त भएको छ।

गीता शर्माको **खुश्बु** (१९९२) -मा "नारी स्वतन्त्रता र समानाधिकारको वकालती गर्दै, उपन्यासकारले यसमा नारी स्वतन्त्रतासम्बन्धी सभा, गोष्टी र भाषणका र प्रशङ्गहरू झिकेर नारी अस्तित्वका महिमा देखाउने कोसिस गरेकी छन् भने नीतिपरक श्लोक र लोकोक्तिहरू उल्लेख गरेर नारीको पौराणिक महत्त्व र औचित्यलाई प्रष्टयाउन खोजेकी छन्।" (दीपक तिवारी, 2014) भीम दाहालको **अभीष्टको खोज** (सन् १९९२), शवनम श्रेष्ठको **मनीषा** (सन् १९९३), प्रेम थुलुङको **त्यागपत्र** (सन् १९९४), महेश्वर शर्माको **योगमाया** (सन् १९९७), विन्द्या सुब्बाको **निर्गमन** (सन् २००६) आदि उपन्यासहरूमा नारीवादी चिन्तन रहेको पाइन्छ। नीलम कार्की निहारीकाको **तिमी म र उनी** (सन्२०००) उपन्यासमा लैङ्गिक विभेदको रेखालाई ध्वस्त पारेर नारी पुरुष दुवै समान हुन् भन्ने कुरा अघि सार्दै प्रचलित कानुनी व्यवस्थाप्रति विद्रोह गरेकी छन्। एउटी

आमाले बालकको लालनपालनमा बाबुभन्दा धेरै कष्ट आमाले उठाएको भए तापनि पितृसत्तामक सामाजिक व्यवस्था र प्रशासनिक व्यवस्थाले ती बालकको नागरिकता बाबुबाट मात्र दिलाउने व्यवस्थामा परिवर्तन गरेर सन्तानको नागरिकता आमाबाट पनि हुनुपर्छ भन्ने कुरा अघि सारेकी छन्। यस उपन्यासमा नारीवादी अवधारणाको प्रयोग सैद्धान्तिक रूपमा मात्र नभएर उपयोगी र व्यावहारिक रूपमा भएको पाइन्छ। शोभा भट्टराईको **अन्तहीन अन्त** (सन् २००१) तेस्रो लिङ्गलाई मुख्य विषय बनाएर लेखिएको उपन्यास हो। यसमा सशक्तीकरणको पक्षमा आवाज उठाउँदै नारी अस्तित्व र अस्मिताको खोजी गरिएको पाइन्छ। नयाँदेवीको **युगसन्धि** (सन् २००२), भाषा भण्डारीको **सम्झौता** (सन् २००३), र **परिवर्तनको पृष्ठभूमि** (सन् २००४) आदि नारीवादी उपन्यासहरू प्रकाशित भएको पाइन्छ। अस्तित्व सचेत नारी मानसिकतालाई प्रस्तुत गरिएको **सम्झौता** उपन्यासमा लैङ्गिक आधारमा समाजमा पुरुषको वर्चस्व देखाउन व्यस्त समस्त पुरुषवर्गमाथि व्यङ्ग्य प्रहार गरिएको छ।नारी सशक्तीकरणका दृष्टिले प्रस्तुत उपन्यासलाई नारीवादी उपन्यास हो भन्न सकिन्छ। समाजमा सत्ता जमाएर बसेको पुरुषप्रभुत्ववादी स्थापित धारणा युगौंपछि पनि परिवर्तन हुन नसकेको यथार्थलाई उदाङ्गो पार्दै नारी सशक्तीकरण, मुक्ति र स्वतन्त्रताको निम्ति कानुनी अधिकार प्राप्त गर्नुपर्ने कुराको आवाज यी उपन्यासहरूमा उठाइएको छ।

सुजातको **बन्धन** (सन् २००३) र **अन्तहीन पीडा** (सन् २००४) दुवै उपन्यासहरूमा लैङ्गिक विभेदको रेखा कोरिएको पाइन्छ।छोरीलाई सदैव बोझ ठान्ने सङ्कीर्ण मानसिकता भएको समाजका असचेत मानवसमाजप्रति व्यङ्ग्य प्रहार गरिएको छ। आफ्ना लागि नारी स्वयम् उत्तरदायी एवम् आत्मनिर्भर बन्ने वर्तमानका नारीहरू शिक्षित बन्ने अत्यावश्यक रहेको छ भन्ने कुराको उठान पनि उनले गरेकी छन्। प्रशासन, नियम र नीति पुरुषहरूले नै बनाएका हुनाले पितृसत्तात्मक मानसिकताका आधारमा निर्मित व्यवस्थाहरू पुरुषकै पक्षमा रहेको छ भन्ने कुरा देखाउँदै सन्तानको नागरिकता आमाको नामबाट हुनुपर्ने माग यस उपन्यासमा पनि गरेर व्यावहारिक जीवनमा भएको असमानताको पक्षलाई उपन्यासमा उठाइएको छ। पद्यावती सिंहको **समानान्तर आकाश** (सन् २००४) -मा नारीहरू आत्मनिर्भर, स्वावलम्बी, अस्मिता र अस्तित्वसचेत हुनुपर्ने कुरामा जोड़ दिइएको छ। पुरुषले नारीलाई यौणतृप्तिको साधन मानेर दुर्व्यवहार गर्ने परम्पराप्रति विरोध गर्दै यस्ता कुव्यवहारको अन्तको निम्ति नारी स्वयम् अघि बढ्नु पर्ने कुरा अघि सारेको छ। व्यावहारिक दृष्टिकोणले नारीवादी अवधारणाको प्रस्तुति यस उपन्यासमा गरिएको छ। बलदेव मजगैयाँको **मानसी** (सन् २००६) -मा युगौंदेखि धर्म, संस्कारको नाममा प्रताडित भएको नारीको इतिहासबाट पुरुषहरूले नारीप्रति गरेको क्रुर व्यवहार बुझेकी मानसी पुरुषप्रधानतावादी संस्कारबाट विद्रोही बनेर बाहिर निस्केकी छे। त्यसैले ऊ भन्छे- "यस्तै शास्त्र र विद्वानहरूद्वारा भनिएको कथित अन्योक्तिहरूका आडमा नै त पुरुषसत्ता टिकेको छ। यिनैको पुजा र अर्चना गरेर आफ्नो सम्प्रभुताको आशीर्वचन माग्ने कायरता नै

पुरुषहरूको अमोघ भनिएको अस्त्र हो। पुरुषको यही साम्राज्यमा कहिलेकाहीँ कुनै नारीले आफ्नो अस्तित्व र सतित्व रक्षाका लागि विद्रोह गर्दछे।" (बलदेव मजगैयाँ, २००६)

पुष्प राईको **मध्यान्तर** (सन् २००७) -मा शोषित, दमित अवस्थाबाट मुक्त बन्दै विद्रोही रूपमा नारीहरूले मुक्ति र स्वतन्त्रताको मार्ग रोजेको उल्लेख पाइन्छ। नारीहरूको इतिहासको मध्यबाट नारी सशक्त भएको युग आएको देखिएको छ।

गौरा रिजालको **अघोषित द्वन्द्व** (सन् २००३)-मा सामाजिक कुसंस्कारहरूका कारणले युगौंदेखि नारीहरू प्रताडित हुन बाध्य भएको यथार्थ अभिव्यक्त भएको छ। नारीहरूलाई नारीको पुरुषभन्दा भिन्न गुणको पाठ पढाएर आदर्शको नाममा दासीको अभ्यास गराइने कुरालाई औल्याउँदै नारीलाई पुरुषहरूको वासना तृप्तिको साधन ठान्ने प्रवृत्ति र मानसिकताप्रति विद्रोह गरिएको छ।नारीवादले नारीको शोषित अवस्थाप्रति विरोध गर्दछ भन्ने दृष्टिकोणले हेर्दा प्रस्तुत उपन्यासमा नारीवादी अवधारणाको प्रस्तुति तीव्र रूपमा भएको पाइन्छ। यसरी नै उर्मिला सापकोटाको **अस्मिता** (सन् २००८) लैङ्गिक विभेदको अन्तको पक्षमा जोड़ दिएर लेखिएको उपन्यास हो। सरला रेग्मीको **प्रवाह** (सन् २००९), शान्ति थापाको **मोहनी डट कम** (२००९) पुण्यप्रसाद प्रसाईको **आइमाई मान्छे** (सन् २०११), जलेश्वरी श्रेष्ठको **नियति चक्र** (सन् २०१२), शारदा शर्माको **ताप** (सन् २०१२) आदि उपन्यासहरूमा नारीहरूको शोषणको कारक तत्त्व पितृसत्तात्मक सामाजिक संरचना र मानसिकतालाई ठानेर यस्ता व्यवस्था र धारणाहरूको अन्त गर्न नारीहरू स्वयम् अघि बढ्नु पर्ने कुरामा जोड़ दिएको पाइन्छ।

यादवप्रसाद पाण्डेद्वारा अन्य भाषाका उपन्यासबाट नेपाली भाषामा अनुवाद गरिएको प्रस्तुत उपन्यासलाई नेपाली अनुदित उपन्यासको नयाँ उपलब्धि मानिन्छ।**आइमाईको हकमा** (सन् 2003) उपन्यासमा नारीवादी स्वर रहेको पाइन्छ।

**निष्कर्ष:**

नारी र पुरूषमाझमा समानता हुनुपर्छ भन्ने आवाज नारीवाद हो। नारीवाद पश्चिमबाट विकसित भएको पाइए तापनि यसले विश्वभरीका समाज र साहित्यलाई प्रभावित पारेको छ। नेपाली साहित्यमा सचेत रूपमा नारीवादको सुरू अन्य साहित्यको तुलना पछि भए तापनि असचेत रूपमा भने धेरै अघि भएको देखिन्छ। नारीहरूलाई धर्म र संस्कारको नाममा दमन गरिएको वृतान्त केलाएर व्यावहारिक रूपमा नारीहरूको शोषणको विभिन्न पक्षलाई देखाउँदै नारीहरू आफ्नो अधिकारको निम्ति सचेत बन्ने आवश्यक रहेको कुरा तसलीमा नसरीनले खूबै क्रान्तिकारी रूपमा देखाएकी छन्। प्रस्तुत उपन्यासको सुरूदेखि अन्तसम्म नारीवाद अवधारणाको प्रस्तुति पाइन्छ ।यस्तै प्रकारले यादव पाण्डे र प्रदिप ढकालले अनुवाद गरेको (मूल लेखक तसलीमा नसरीन) **बिग्रेकी केटी** (सन् २००१) र विष्णु सिलवाल विशाल र अन्जना शर्माद्वारा अनुदित **लज्जा** उपन्यासमा नारीवादी अवधाराणालाई सैद्धान्तिक, तार्किक र व्यावहारिक रूपमा प्रस्तुत गरिएको

पाइन्छ।नेपाली नारीवादी उपन्यासहरूले नारी पुरूषमाझको समानता, नारी स्वतन्त्रता, नारी अधिकारका विभिन्न पक्षहरूलाई उठाउँदै आमाको नागरिकताको आधारमा आफ्नो सन्तानले नागरिकता पाउनु पर्ने विषयसमेतको उठान गरिएको छ। नेपाली साहित्यमा मौलिक नेपाली उपन्याससँगसँगै अन्य भाषाबाट नेपालीमा अनुदित उपन्यासहरू पनि त्यत्तिकै प्रभावकारी रहेको पाइन्छ।

**References:**


1. अधिकारीहेमाङ्गराज र भट्टराईबद्रीविशाल. (2006) ***प्रयोगात्मक नेपाली शब्दकोश.*** काठमाडौँ विद्यार्थी प्रकाशन।
2. चनासुभद्र (सम्पा). (2004) ***इन्साइक्लोपेडिया अफ् फेमिनिस्ट थिअरी (भलुम 1)*** न्यू दिल्ली कस्मो पब्लिकेसन्स्।
3. फस्एक्यारेन र अन्य (सम्पा.). (2004) ***रिडिङ इन् फेमिनिस्ट रिटोरिकल थिइएओरी.*** इन्डिया सेज पब्लिकेसन्स्।
4. मजगैयाँबलदेव. (2006) **मानसी**. काठमाडौँ साझा प्रकाशन।
5. तिवारीदीपक. (2014) ***नेपाली साहित्यमा नारीलेखन.*** सिलगढी नेपाली साहित्य प्रचार समिति ।
6. नवलदासभिना. (1995) ***फेमिनिज्म एन्ड लिटरेचर.*** न्यू दिल्ली प्रेस्टिज बुक।
7. लामाकविता. (2010) **अनुशीलन**. दार्जिलिङ माया प्रकाशन ।
8. सतीसकुमार. (2017) ***कन्टेम्परेरी क्रिटिसिज्म एन्ड थिअरी.*** आग्रा लक्ष्मी नरेन अग्रवाल एडुकेसनल पब्लिसर्।
9. त्रिपाठीवासुदेव र दाहालवल्लभमणि. (2001) ***नेपाली बृहत् शब्दकोश.*** काठमाडौँ नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
10. त्रिपाठीसुधा. (2011) ***रत्न वृहत समालोचना सैद्धान्तिक खण्ड.*** काठमाडौँ रत्न पुस्तक भण्डार।
11. त्रिपाठीसुधा. (2012) ***नेपाली उपन्यासमा नारीवाद.*** काठमाडौँ भृकुटी एकेडेमिक पब्लिकेसन्स ।